संघीय संसद

प्रतिनिधि सभा

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति

# समितिको कार्यविधि, २०८१

# सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०८१

**पारित मितिः** २०८१/०३/०२

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम सभाबाट मिति २०८१ जेठ १५ मा गठित सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका आन्तरिक काम, कारबाहीलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले,-

सभाबाट प्राप्त कार्यादेशले दिएको अधिकार प्रयोग गरी सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नियमावली" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७९ सम्झनु पर्छ।

(ख) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको सहकारी विभाग सम्झनु पर्छ।

(ङ) "विषयविज्ञ" भन्नाले समितिले छानबिनमा सहयोग लिन सक्ने विज्ञ, विशेषज्ञ वा विषयको जानकार व्यक्ति सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ।

(छ) "सचिवालय" भन्नाले समितिको सचिवालय सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(झ) "सभा" भन्नाले प्रतिनिधि सभा सम्झनु पर्छ।

(ञ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले प्रतिनिधि सभाबाट मिति २०८१ जेठ १५ मा गठित सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति सम्झनु पर्छ।

३.	**समितिको कार्यक्षेत्र**: समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः-

(क)	सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानूनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने,

(ख)	समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने,

(ग)	नेपाल सरकार, सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आवद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने, र

(घ)	सहकारी संस्था सदस्य (शेयरधनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानि नोक्सानी पुऱ्याएको भनी संघीय संसद र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानूनी रूपमा प्रवाह भए वा नभएको र त्यस्तो गैरकानूनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानून बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।

४.	**समितिको बैठकः** (१) सभापतिले समितिको बैठक बोलाउनेछ र बैठकको सूचना सचिवले सदस्यहरूलाई दिनु पर्नेछ।

(२) सभापतिले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(३) सभापतिले सदस्यहरूलाई बोल्ने समयको निर्धारण गरी समय दिनेछ र सभापतिले समय दिएपछि सम्बन्धित सदस्यले बोल्नु पर्नेछ।

५.	**निर्धारित समयमा बैठक सुरू हुनेः** समितिको बैठक निर्धारित मिति, समय र स्थानमा सुरू हुनेछ।

तर कुनै कारणले निर्धारित समयमा बैठक बस्न नसकेमा सभापतिले त्यस्तो बैठक स्थगित

गरी अर्को बैठक बोलाउन सक्नेछ।

६. **बैठकको कार्यसूची र जानकारी**: (१) समितिको बैठकको कार्यसूची सामान्यतया अघिल्लो बैठकबाट तय गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यसूची तय नभएमा सचिवले सभापतिको निर्देशन अनुसार कार्यसूची तय गरी बैठक बस्नुभन्दा अघिल्लो दिन सदस्यहरूलाई जानकारी गराउनेछ।

(३) सचिवालयले बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात सामान्यतया बैठक बस्ने दिनभन्दा एक दिन अगावै सदस्यहरूलाई विद्युतीय माध्यम वा अन्य कुनै उपयुक्त माध्यमबाट उपलब्ध गराउनेछ।

७. **उपस्थितिको अभिलेख**: बैठकमा उपस्थित सदस्यले नामको पहिलो अक्षरको वर्णानुक्रम अनुसार राखिएको निर्णय पुस्तिकामा उपस्थिति जनाउन दस्तखत गर्नु पर्नेछ।

८. **गणपूरक संख्या**: समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ।

९. **छलफलमा विशेष ध्यान दिनु पर्ने**: सदस्यले बैठकको छलफलमा भाग लिँदा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) समितिमा सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाई नाम टिपाउनु पर्ने,

(ख) सभापतिबाट अनुमति पाएपछि एक पटकमा एकजनाले मात्र बोल्ने,

(ग) अर्को सदस्य बोलिरहेको समयमा बोल्न वा एक-आपसमा कुरा गर्न नहुने,

(घ) बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरी बोल्ने,

(ङ) कसैलाई व्यक्तिगत आक्षेप लाग्ने गरी वा अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द नबोल्ने,

(च) बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पर्ने गरी दुरुपयोग नगर्ने,

(छ) बैठक अवधिभर मोबाइल फोनलाई स्वीच अफ वा मौन अवस्था (साइलेन्ट मोड) मा राख्ने, र

(ज) अत्यावश्यक परेमा सभापतिको अनुमति लिएर बैठक कक्षबाहिर गएर कुरा गर्ने।

१०. **छलफलमा सहभागी नहुने**: समितिमा विचाराधीन रहेको कुनै विषयमा सदस्यको आफ्नो वा पारिवारको सदस्य संलग्न रही स्वार्थ गाँसिएको भएमा सोको स्वघोषणा सहित सभापतिलाई जानकारी

गराई निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ।

तर त्यस्तो विषयको छलफल सकिएपछि बैठकमा भाग लिन सक्नेछ।

११. **<u>पूरा समय बैठकमा भाग लिने</u>**: विशेष कारण परेको अवस्थामा सभापतिको अनुमति लिएर बाहेक बैठक प्रारम्भ भएदेखि अन्त्य नभएसम्म सदस्यले बैठक छाँडेर जानु हुँदैन।

१२. **<u>पूर्वसूचना दिनु पर्ने</u>**: बैठक बोलाइएको समयमा उपस्थित हुन नसक्ने अवस्था भएमा सदस्यले सभापति वा सचिवलाई पूर्वजानकारी गराउनु पर्नेछ।

१३. **<u>सहयोग पुऱ्याउनु पर्ने</u>**: बैठक सञ्चालन र सुव्यवस्था कायम गर्न सबै सदस्यले सहयोग गर्नु पर्नेछ।

१४. **<u>छानबिन सम्बन्धी कार्यविधि</u>**: समितिले कार्यक्षेत्रलाई समग्रतामा अगाडि बढाई छानबिनका क्रममा देहायकामध्ये कुनै वा सबै कार्य गर्न सक्नेछः

(क) **सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनः**

(१) सञ्चार माध्यममा प्रकाशित/प्रसारित सूचनाको सङ्कलन र अन्य निकायबाट कागजात माग तथा सङ्कलन,

(२) संघीय संसद वा संसदीय समितिका बैठकमा सहकारी समस्या सम्बन्धमा भएका छलफलमा व्यक्त धारणा, तथ्य आदि सम्बन्धी अभिलेख संङ्कलन,

(३) सर्वोच्च अदालतबाट भएका फैसला, प्रतिपादित नजिर सिद्धान्त र आदेशहरूको संकलन,

(४) सहकारी नियमनसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय, विभाग, नेपाल राष्ट्र बैङ्क र अन्य निकायहरू, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय र सम्बन्धित स्थानीय तहबाट भए गरेका काम, कारबाही, निर्णय, टिपोट, अध्ययन प्रतिवेदनका बारेमा जानकारी वा धारणा र अभिलेख माग,

(५) बचतकर्ताको बचत रकमको सुरक्षा एवं फिर्ता गर्ने सम्बन्धमा यसपूर्व भएका अध्ययन, अनुसन्धानका सुझाव सिफारिस र कार्यान्वयनको प्रगति विवरण,

(६) सहकारी, कम्पनि तथा वित्तीय नियमन र सञ्चालनसँग सम्बन्धित संवैधानिक र कानूनी प्रबन्धहरूको अध्ययन तथा विश्लेषण,

(७) अनुसूचीमा नाम उल्लेख भएका लगायत अन्य सहकारी संस्था मध्ये केही वा सबै,

(८) अनुसूची-१ मा उल्लिखित सहकारी संस्थाका समस्या सम्बोधन गर्न नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल, समितिका प्रतिवेदन र सम्बद्ध कागजात तथा सुझाव र सिफारिस कार्यान्वयनमा सम्बन्धित निकायले गरेका प्रयास,

(९) अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूका बेङ्किङ्ग कारोबार र सो सम्बन्धी विवरण,

(१०) अनुसूची-२ मा उल्लिखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति सम्बन्धी बैङ्किङ्ग कारोबार र त्यससँग सम्बन्धित तथ्य प्रमाण, र

(११) समितिले उपयुक्त ठानेका अन्य सूचना, तथ्याङ्क, प्रतिवेदन, विश्लेषण वा प्रमाण।

(ख) **छलफल, सोधपुछ र अन्तर्क्रियाः**

(१) सहकारी संस्था अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने मन्त्रालय, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, निकाय, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय, सम्बन्धित स्थानीय तह र नेपाल राष्ट्र बैङ्कका जिम्मेवार अधिकारी,

(२) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाका अध्यक्ष, सञ्चालक वा व्यवस्थापक र व्यवस्थापकीय भूमिकामा रहेका अन्य व्यक्ति,

(३) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरूबाट रकम प्रवाह भएका गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरूका तत्कालीन र वर्तमान सञ्चालक, व्यवस्थापक वा र व्यवस्थापकीय भूमिकामा रहेका अन्य व्यक्ति, र

(४) सहकारी पीडितका तर्फबाट पीडितका प्रतिनिधिहरू,

(५) कानून, बैङ्क तथा वित्तीय व्यवस्थापन क्षेत्रका विषयविज्ञहरू,

(६) समितिले उपयुक्त ठानेका अन्य सरोकारवाला व्यक्ति तथा संस्था र विषयविज्ञहरूसँग।

(ग) **स्थलगत अध्ययन, निरीक्षण र जाँचबुझः**

(१) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरू,

(२) अनुसूची-२ मा उल्लिखित सहकारी संस्थाहरूबाट रकम प्रवाह भएका गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरू, र

(३) समितिले उपयुक्त ठानेका अन्य कार्यालय, स्थान वा निकाय।

१५. **सदस्यहरूको आचार संहिता**ः सदस्यहरूले देहायको आचार संहिताको पालना गर्नु पर्नेछः-

(क) छलफलमा भाग लिँदा तत्काल छलफलको विषयवस्तुमा केन्द्रित भई धारणा राख्नु पर्ने,

(ख) समितिको कार्यक्षेत्रसँग सम्बन्धित सूचना, तथ्य वा प्रमाण सदस्यहरूका बीचमा आदान-प्रदान गर्ने,

(ग) समितिको बैठकको निर्णय वा अनुसन्धानको प्रक्रियामा रहेका प्रसङ्गहरू, विषयहरू, छानबिन सम्बन्धी रणनीति र अन्य गोप्य कागजातलाई सार्वजनिक गर्न वा दुरुपयोग गर्न नहुने,

(घ) बैठकमा छलफल, सोधपुछ वा अन्तर्क्रियाका लागि आमन्त्रण गरिएका विषय विज्ञ, विशेषज्ञ वा सम्बन्धित सरोकारवालालाई प्रश्न राख्दा शिष्टतापूर्वक राख्नु पर्ने, र

(ङ) छानबिनका क्रममा प्राप्त तथ्य तथा जानकारीहरूको गोपनियता कायम राख्ने।

१६. **समितिको प्रतिवेदन**ः (१) समितिले छानबिनको कार्य पूरा गरेपछि सिफारिस सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कम्तीमा देहायका कुरा खुलाउनु पर्नेछः-

(क) समितिको कार्यक्षेत्रको संक्षिप्त विवरण,

(ख) छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया तथा सङ्कलन गरिएका प्रमाण,

(ग) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य, तथ्य विवरण,

(घ) समितिको ठहर वा निष्कर्ष,

(ङ) समितिको सिफारिस, र

(च) समितिले उपयुक्त ठानेका अन्य कुरा।

१७. **समन्वय र सहकार्य गर्न सक्ने**ः समितिले आवश्यकता अनुसार सभाका अन्य विषयगत समितिहरू, विषयसम्बद्ध नेपाल सरकारको मन्त्रालय, विभाग, नेपाल राष्ट्र बैङ्क र अन्य निकायहरू, सम्बन्धित प्रदेश सरकारको विषय हेर्ने मन्त्रालय वा निकाय र सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य

गर्न सक्नेछ।

१८. **सहयोग लिन सक्ने**ः समितिले अध्ययन, अवलोकन, वित्तीय अवस्थाको विश्लेषण, अनुगमन तथा मूल्याङ्कन लगायत समितिको समग्र कामका लागि विषयविज्ञ वा विशेषज्ञको सहयोग लिन सक्नेछ।

१९. **समितिको कार्याविधि**ः समितिको कार्याविधि कार्य प्रारम्भ गरेको मितिले तीन महिनाको हुनेछ।

२०. **निर्णय प्रक्रिया**ः (१) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

तर सर्वसम्मति कायम हुन नसकेमा बहुमत सदस्यबाट समितिको निर्णय हुनेछ।

(२) उपदफा (१) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकी कुनै सदस्य वा सदस्यहरूले लिखित रूपमा फरक मत अखिलेखबद्ध गराउन चाहेमा त्यस्तो फरक मत लिखित रूपमा समितिमा दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम फरक मत प्राप्त भएमा समितिले अभिलेख राखी अन्तिम प्रतिवेदनमा समेत समावेश गर्नेछ।

२१. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने**ः (१) समितिले आवश्यकताअनुसार कार्यक्षेत्रभित्रको कुनै निश्चित कार्य गर्न वा छानबिन सम्बन्धी कुनै निश्चित कार्य गर्नका लागि समितिका कुनै सदस्य संयोजक रहने गरी उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा कार्यदलको कार्यादेश र कार्याविधि समितिले त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

२२. **कार्यतालिका बनाई लागू गर्न सक्ने**ः (१) समितिले आवश्यकताअनुसार कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी समितिको कार्यतालिका अनुसूची-३ बमोजिम हुनेछ।

२३. **निर्णयको प्रमाणीकरण**ः (१) बैठकको निर्णयमा सभापति र सचिवले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(२) समितिको निर्णय, काम कारबाही तथा अन्य कागजात सम्बन्धी आधिकारिक जानकारी सभापतिबाट सार्वजनिक हुनेछ।

२४. **समितिको काम कारबाहीको अभिलेख**ः (१) समितिमा भएको छलफल, निर्णय, छानबिनका क्रममा समितिमा प्राप्त भएका कागजात, प्रमाण, छलफलमा उठेका विषय, प्रतिवेदनको एक प्रति, सक्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरूको अभिलेख सभापतिको निर्देशन अनुसार सचिवालयले व्यवस्थित गरी राख्नेछ।

(२) समितिको कार्यावधि पूरा भएपछि उक्त अभिलेख संघीय संसदको महासचिव मार्फत संघीय संसद सचिवालयमा बुझाइनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि छानबिनको सिलसिलामा समितिलाई प्राप्त भएका सूचना वा जानकारी र समितिले बुझेका वा सङ्कलन गरेका प्रमाणलाई प्रचलित कानून बमोजिम गोप्य राखिनेछ।

२५. **समितिको निर्णय बमोजिम हुने**ः यस कार्यविधिमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानून र नियमावलीको अधीनमा रही समितिले निर्णय गरे बमोजिम हुनेछ।

२६. **कार्यविधिमा संशोधन**ः समितिले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची-१

**समस्याग्रस्त र सार्जनिक रूपमा प्रश्न उठेका सहकारी संस्थाहरूको नाम**

१. ओरेण्टल को-अपरेटिभ लिमिटेड,
२. स्टयाण्डर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
३. प्यासिफिक सेभिङ् एण्ड इनभेष्टमेन्ट को-अपरेटिभ,
४. प्रभु बचत तथा ऋण सहकारी संस्था,
५. कोहिनुर हिल सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
६. कन्जुमर बचत तथा ऋण सहकारी संस्था,
७. कुवेर बचत तथा ऋण सहकारी संस्था,
८. चार्टर्ड सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ,
९. भेगास बचत तथा ऋण सहकारी संस्था,
१०. स्टयाण्डर्ड मल्टीप्रपोज को-अपरेटिभ लिमिटेड,
११. सोसाइटल बचत तथा ऋण सहकारी संस्था,
१२. लुः निभा वहुउद्देश्यीय सहकारी संस्था,
१३. पशुपति सेभिङ् क्रेडिट को-अपरेटिभ लिमिटेड,
१४. शिव शिखर वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
१५. तुलसी वहुमुखी सहकारी संस्था लिमिटेड,
१६. हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड,
१७. कृषि विकास वहुउद्देश्यीय सहकारी संस्था,
१८. कान्तिपुर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
१९. लालीगुराँस वहुउद्देश्यीय सहकारी संस्था,
२०. गौतमश्री वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड।

## अनुसूची-२

१. आइडियल यमुना वहुउद्देश्यीय संस्था,

२. इमेज बचत तथा ऋण सहकारी संस्था लि.,

३. सहारा बचत तथा ऋण सहकारी,

४. समानता बचत तथा ऋण सहकारी,

५. सानो पाइला बचत तथा ऋण सहकारी,

६. सुप्रिम बचत तथा ऋण सहकारी,

७. सूर्यदर्शन बचत तथा ऋण सहकारी,

८. सुमेरू बचत तथा ऋण सहकारी,

९. स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी, लगायत अन्य।

अनुसूची-३

## <u>समितिको कार्यतालिका</u>

| क्र.सं. | कामको विवरण | महिना र हसा | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जेठ | | असार | | | | | श्रावण | | | | | भाद्र | | | | |
| | | चौथो* | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो♣ | |
| १. | जिम्मेवारी प्राप्ती | ■ | | | | | | | | | | | | | | | | |
| २. | कार्यविधि र कार्ययोजना निर्माण | ■ | ■ | | | | | | | | | | | | | | | |
| ३. | सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनका लागि पत्राचार र सङ्कलन | | ■ | ■ | ■ | | | | | | | | | | | | | |
| ४. | उपलब्ध सन्दर्भ सामग्री एवं मौजुदा कानूनी प्रबन्धको अध्ययन तथा आवश्यकता अनुसार | | | ■ | ■ | ■ | | | | | | | | | | | | |

*समितिले २०८१।०२।२३ बाट कार्य प्रारम्भ गरेको।

♣समितिले २०८१।०५।२२ भित्र कार्य सम्पन्न गर्ने।

| क्र.सं. | कामको विवरण | महिना र हप्ता | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जेठ | | असार | | | | | श्रावण | | | | | भाद्र | | | | |
| | | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | |
| | यसअघि अध्ययन, अनुसन्धान गरेका निकाय वा व्यक्तिसँग छलफल | | | | | | | | | | | | | | | | | |
| ५. | सहकारी नियामक निकायसँग छलफल (प्रदेश र स्थानीय तह समेत) | | | | | | | | | | | | | | | | | |
| ६. | सहकारी पीडितहरूसँग प्रतिनिधिमूलक छलफल | | | | | | | | | | | | | | | | | |
| ७. | विषयविज्ञसँग छलफल एवं सूचना साझेदारी | | | | | | | | | | | | | | | | | |
| ८. | सहकारी संस्थाहरूको | | | | | | | | | | | | | | | | | |

| क्र.सं. | कामको विवरण | महिना र हप्ता | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जेठ | | असार | | | | | श्रावण | | | | | भाद्र | | | | |
| | | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | |
| | अध्ययन र अनुसूची-२ मा उल्लिखित सहकारीको प्रतिनिधिमूलक निरीक्षण | | | | | | | | | | | | | | | | | |
| ९. | सहकारी संस्थाका अध्यक्ष, सञ्चालक, व्यवस्थापक र व्यवसथापकीय भूमिकामा रहेका व्यक्तिसँग छलफल, सोधपुछ | | | | | | | | | | | | | | | | | |
| १०. | समितिले उपयुक्त ठानेका अन्य व्यक्ति वा निकायसँग छलफल वा त्यस्तो | | | | | | | | | | | | | | | | | |

| क्र.सं. | कामको विवरण | महिना र हप्ता | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जेठ | | असार | | | | | श्रावण | | | | | भाद्र | | | | |
| | | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | |
| | निकायको अध्ययन र निरीक्षण | | | | | | | | | | | | | | | | | |
| ११. | गोरखा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाका तत्कालीन र वर्तमान पदाधिकारीसँग छलफल, सोधपुछ | | | | | | | | | | | | | | | | | |
| १२. | समग्र तथ्यहरूको विश्लेषण र प्रतिवेदन मस्यौदा | | | | | | | | | | | | | | | | | |

| क्र.सं. | कामको विवरण | महिना र हप्ता | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जेठ | | असार | | | | | श्रावण | | | | | भाद्र | | | | |
| | | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | अन्तिम | पहिलो | दोस्रो | तेस्रो | चौथो | |
| १३. | समस्याको व्यावहारिक समाधान वा आगामी बाटोका सम्बन्धमा राष्ट्रिय कार्यशाला | | | | | | | | | | | | | | ■ | ■ | | सभामुख, उपसभामुख र विषयविज्ञ सहित |
| १४. | प्रतिवेदन पुनरावलोकन र समितिबाट पारित | | | | | | | | | | | | | | | ■ | ■ | |
| १५. | सम्माननीय सभामुखसमक्ष प्रतिवेदन पेश | | | | | | | | | | | | | | | | ■ | |

(बबिता मिश्र)
सचिव

(सूर्यबहादुर थापा क्षेत्री)
सभापति